# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड १ संख्या २०, मितिः २०७६/०१/०८

## भाग–२

## भरतपुर महानगरपालिकाको फिल्डमा खटिने प्राविधिक कर्मचारीको इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०७६

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

प्रदेश नं. ३, नेपाल

# फिल्डमा खटिने प्राविधिक कर्मचारीको इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०७६

कार्यपालिकाको निर्णय मितिः २०७६/०१/०८

पहिलो पटक संसोधन मितिः २०७६/०४/०५

**पृष्ठभूमिः**

प्रशासनिक खर्चमा मितव्यिताको साथै कर्मचारीको मनोबल उच्च राखी सरल, सहज र उत्कृष्ठ सेवा प्रवाहलाई समेत टेवा पुग्ने गरी इन्धन सुविधा सम्बन्धी मापदण्ड बनाउनु पर्ने आवश्यकता देखिएकोले यो मापदण्ड जारी गरिएको छ।

१) फिल्डमा खटिने कर्मचारीको लागि इन्धन सुविधाको व्यवस्था अंक गणना तथा मापन गर्ने आधारः

१) दुरीको आधारमा वडाहरुलाई निम्नानुसार विभाजन गरी सबै भन्दा टाढा दुरीको वडाको लागि कूल ५० अंकमा गणना गरिनेछ।

क) २७, २८ र २९ वडाको लागि ५० अंक

ख) २३, २४, २५ र २६ वडाको लागि ४५ अंक

ग) १८, २०, २१ र २२ वडाको लागि ४० अंक

घ) १३, १४, १५,१६, १७ र १९ वडाको लागि ३५ अंक

ङ) ५, ६ र ८ वडाको लागि ३० अंक

च) १,२, ३, ४, ७, ९ र १०, ११, १२ वडाको लागि २५ अंक

**स्पष्टीकरणः** प्रत्येक समुह अन्तरगत सबैभन्दा बढी अंक भएको समुहको पूरा अंक पाउनको लागि सो समुहको कम्तिमा २ वटा वडामा कार्य गर्ने गरी तोकिएको हुनुपर्नेछ।अन्यथा जुन सबै भन्दा कम अंक तोकिएको छ सोही समुहमा उल्लिखित अंक र एउटा मात्र वडा तोकिएको र घरपायकको हकमा न्यूनतम अंक प्रदान गरिनेछ। तर वडा नं २९ र घरपायक नभएको हकमा तोकिएको सोही समुहको पूरा अंक दिइनेछ।

२) कूल आयोजना संख्याको आधारमा कूल अंक ३० राखी निम्नानुसार गणना गरिनेछ।

क) ४० भन्दा कम आयोजना १०

ख) ४० देखि ५९ वटा आयोजना २०

ग) ६० भन्दा माथि संख्याको आयोजना भएको वडालाई ३०

**स्पष्टीकरणः** अमिन लगायत फिल्डमा जानुपर्ने तर योजना नछुट्टिएको प्राविधिकको हकमा यो लागू हुनेछैन।

३) कार्य गर्ने वडाहरु थप हुदै जाँदा प्रति वडाको ४ अंकको दरले (कूल अंकमा २० बाट नबढ्ने गरी) अंक थप हुदै जाने

४) उल्लिखित अनुसार अंक गणना गरी प्राप्त अंकको आधारमा इन्धन बाँडफाँड

क) ४० भन्दा कमअंकसम्म प्राप्त गर्नेलाई १० लिटर

ख) ४० देखि ५०अंकसम्म प्राप्त गर्नेलाई १२ लिटर

ग) ५० देखि ६० अंकसम्म प्राप्त गर्नेलाई १५ लिटर

घ) ६० देखि ७० अंकसम्म पाउनेलाई १८ लिटर

ङ) ७० देखि ८० अंक सम्म पाउनेलाई २० लिटर

च) ८० देखि १०० अंक पाउनेलाई २२ लिटर

२) **इन्धन सुविधा पाउने कर्मचारीहरुले पेश गर्नुपर्ने कागजातः**

१) इन्धन सुविधा पाउनको लागि सरकारी साधन प्रयोग गर्ने भएमा सवारी साधन चालक अनुमति पत्र (license) को प्रतिलिपि

२) निजी साधन प्रयोग गर्नेको हकमा सवारी साधन चालक अनुमति पत्र (license) को प्रतिलिपिको साथै सवारी साधनको व्लुबुकको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

३) सो अनुरुपको कागजातहरुको अभिलेख सामान्य प्रशासन महाशाखाले राखी आवश्यकता अनुसार जिन्सी शाखामा पेश गर्नुपर्नेछ।

**३) प्रमाणित गर्नुपर्ने**

१) प्राविधिकको अनुगमनको सम्बन्धमा अधिकृत सातौं तहको वडा सचिव रहेको वडामा वडा सचिव र सातौं तहको वडा सचिव नभएको वडाको हकमा सामान्य प्रशासन महाशाखा प्रमुखबाट प्रमाणित गरी इन्धन सुविधा उपलब्ध गराउनु पर्नेछ।

आज्ञाले

**नेत्रप्रसाद सुवेदी**

प्रमुख प्रशासकीय अधिकृत